

# अर्थ

देशको वित्तीय क्षेत्रमा अहिले बिग मर्जर गर्ने र नगर्ने भन्ने विषयमा दुई पक्षमा देखिएका छन्। एकथरीले बिज मर्जरलाई प्राथमिकताका साथ उठाएका छन् भने अर्को थरीलाई तत्काल यो सम्भव नभएको भन्दै बिज मर्जर ल्याउन नहुने तर्क गरिरहेका छन्। केही व्यक्तिले हल्ला चलाउँदैमा अहिले नै वाणिज्य बैंकहरूलाई बिग मर्जरमा लैजान नसकिने राष्ट्र बैंक स्रोतको भनाइ छ।

# बैंकहरूबीच बिग मर्जर के होला ?

नेपाल समाचारपत्र
काठमाडौं

आगामी आर्थिक वर्षको मौद्रिक नीति आउनै लाग्दा बैंकिङ क्षेत्रमा विभिन्न अडकलबाजी शुरू भएका छन्। यसै सन्दर्भमा पछिल्लोपटक बिग मर्जरले बैंकिङ क्षेत्रमा निकै चर्चा पाएको छ।

नेपालको अर्थतन्त्रको आकारअनुसार बैंकहरूको संख्या धेरै भएको तथा ठूला परियोजनामा लगानी गर्नका निम्ति समस्या भएको भन्दै वाणिज्य बैंकहरूबीच बिज मर्जरको व्यवस्थालाई मौद्रिक नीतिले समेट्नुपर्ने आवाज उठेका कारण बैंकिङ क्षेत्रमा चर्चाको विषय भएको छ।

देशको वित्तीय क्षेत्रमा अहिले बिग मर्जर गर्ने र नगर्ने भन्ने विषयमा दुई पक्षमा देखिएका छन्। एकथरीले बिज मर्जरलाई प्राथमिकताका साथ उठाएका छन् भने अर्को थरीलाई तत्काल यो सम्भव नभएको भन्दै बिज मर्जर ल्याउन नहुने तर्क गरिरहेका छन्। केही व्यक्तिले हल्ला चलाउँदैमा अहिले नै वाणिज्य बैंकहरूलाई बिग मर्जरमा लैजान नसकिने राष्ट्र बैंक स्रोतको भनाइ छ।

भर्खरै चुक्ता पुँजी चार देब्बर वृद्धि गरेर श्वास फेर्न नपाएका बैंकहरूलाई अहिले नै जबरजस्ती बिग मर्जरमा जाऊ भन्न नसकिने स्रोतको भनाइ छ। यद्यपि, बैंकहरू आफैंले मर्जरमा जान्छौं भनेर आएमा भने राष्ट्र बैंकले प्रोत्साहन गर्दै सहयोग गर्ने राष्ट्र बैंक उच्च स्रोतको दाबी छ।

मौद्रिक नीतिमा बिग मर्जरको विषयलाई कसरी समेट्ने भन्ने औपचारिक छलफल नभए पनि प्रोत्साहन गर्न सकिने विषय समेटिन सक्ने राष्ट्र बैंक स्रोतको भनाइ छ। नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपाल स्वयम् भने




बिग मर्जरको पक्षमा देखिएका छैनन्। उनले चुक्ता पुँजी वृद्धि गर्ने सन्दर्भमा दबाब बल्ल तल्ल थगेको तर अहिले बिज मर्जरको भार थेग्न नसक्ने बताइसकेका छन्।

अझै केही बैंकहरूले चुक्ता पुँजी पुऱ्याउन नसकेको पृष्ठभूमिमा अहिले नै जबरजस्ती बिज मर्जरमा लैजाँदा जोखिम हुन सक्ने एकथरीको तर्क छ। ३० खर्ब रुपियाँको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) अनुसार २८ वटा वाणिज्य बैंकको संख्या बढी भएको राष्ट्र बैंकको बुझाइ छ। संख्या घटाउनका निम्ति मर्जरमा जानेलाई सहुलियत दिने तर हकप्रद र एफपीओ निष्काशनमा कडाइ गर्नुपर्ने उनीहरूको भनाइ छ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरू गराएपश्चात् वैशाख मसान्तसम्म कुल १६२ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये १२१ वटा संस्थाहरूको इजाजत खारेज हुन गई कुल ४१ संस्था कायम भएका छन्। त्यस्तै ७५३ स्थानीय तहमध्ये वैशाख मसान्तसम्म ५३१ स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति रहेको छ। आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन गर्न बनेको आर्थिक विधेयकमा समेत मर्जर र प्राप्तिलाई प्रोत्साहन गर्ने नीति ल्याइएको छ। चालू आवभित्र कुनै पनि वित्तीय संस्था मर्जरमा गए वा प्राप्ति गरेको स्थितिमा त्यस्ता संस्थालाई दुई वर्षसम्मको कर छुट दिने व्यवस्था उल्लेख छ। स्रोतका अनुसार वित्तीय संस्थाको संख्या घटाउने सन्दर्भमा छलफल चलिरहेका कारण मौद्रिक नीति आउनसमेत ढिलाइ भइरहेको छ।

# अर्गानिक तरकारी खेतीतर्फ आकर्षित

इलाम, (नेस)

जिल्लामा अझै पनि तरकारी खेतीमा विषादीको प्रयोग बढ्दै गएको छ। तरकारीमा बिषादीको प्रयोग बढ्दा मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुगिरहेको छ। यसैलाई मध्यनजर गर्दै यहाँका कृषकलाई अर्गानिक तरकारी खेतीतर्फ आकर्षित बनाउन थालिएको छ। अर्गानिक तरकारी खेतीतर्फ आकर्षित गराउन जागृति नेपालले पहल थालेको हो।

किसानलाई व्यावसायिक अर्गानिक तरकारी खेती गराउन यस संस्थाले इलाम नगरपालिका क्षेत्रमा व्यावसायिक तरकारी खेती गर्दै आएका कृषकलाई अर्गानिक तरकारी खेती सम्बन्धी तालिम दिन थालेको छ। व्यावसायिक रूपमा तरकारी खेतीलाई बढावा दिन अर्गानिक तरकारी उत्पादन सम्बन्धी इलामनगर क्षेत्रका कृषकलाई तालिम दिन थालेको आयोजक संस्थाका कोषाध्यक्ष गोपाल पौड्यालले बताउनुभयो। रासायनिक मल र विषादीको प्रयोगले मानव स्वास्थ्य र जमिनको उर्वरा शक्तिमा प्रतिकूल असर पार्ने थाहा पाए पनि इलामका धेरै गाउँका कृषकले अर्गानिक प्रविधिबाट तरकारी खेती गर्न नजान्दा विषादीकै प्रयोगबाट तरकारी तथा फलफूल उत्पादन गर्दै आएका छन्। रासायनिक मल र बिषादीले तत्काल उत्पादन वृद्धि भई फाइदा हुने भएपनि यसको दीर्घकालीन प्रयोग गर्दा जमिनको उर्वराशक्ति घट्दै जाने कृषि प्राविधिकहरू बताउँछन्।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ असार ९, जुन २३, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०८।२४ | १०८।८४ |
| युरो १ को रू. | १२५।९९ | १२६।६८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।७६ | १४४।५६ |
| स्विस फ्रन्क १ को रू. | १०९।२६ | १०९।८७ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।३५ | ८०।७९ |
| क्यानाडियन डलर १ को रू. | ८१।५१ | ८१।९६ |
| सिङ्गापुर डलर १ को रू. | ७९।६८ | ८०।१२ |
| जापानी यन १० को रू. | ९।८३ | ९।८८ |
| चिनियाँ युआन १ को रू. | १६।६६ | १६।७५ |
| साउदी अरब रियाल १ को रू. | २८।८६ | २९।०२ |
| कतारी रियाल १ को रू. | २९।७३ | २९।८९ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२८ | ३।३० |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।४७ | २९।६३ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०४ | २७।१९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७४ | ९।८० |

खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२३ |
| डेनिस क्रानर १ का रू. | १६।९० |
| हङकङ डलर १ का रू. | १३।८० |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।


## Invitation of Sealed Bid for e-Auction

*(First date of publication: 2075/03/09)*

Tenders are invited by Civil Bank Ltd, Kamaladi, Kathmandu for auction of its 9 nos. of four wheelers and 14 nos. of two wheelers through e-auction on **"AS IS WHERE IS BASIS"**. The details of vehicles are as given below:

**Two Wheeler**

| S.N | Company Name | Model | Made Year | Registration No. | Location |
|---|---|---|---|---|---|
| 1 | Honda | Shine | 2010 | NA 18 PA 6848 | Sindhuli |
| 2 | Honda | Shine | 2011 | KO 9 PA 9001 | Biratchowk |
| 3 | Hero Honda | Super Splendor | 2010 | NA 15 PA 7010 | Tandi |
| 4 | Hero Honda | Glamour | 2007 | GA 4 PA 1009 | Khurkhure |
| 5 | Hero Honda | Splendor | 2011 | GA 6 PA 8285 | Pokhara |
| 6 | Hero Honda | Splendor Plus | 2010 | BA 44 PA 527 | Barabise |
| 7 | Hero Honda | NXG | 2009 | BA 4 PA 8242 | Kamaladi |
| 8 | Hero Honda | Splendor | 2010 | BA 44 PA 3862 | Kamaladi |
| 9 | Bajaj | Discover | 2006 | BA 21 PA 6083 | Kamaladi |
| 10 | Hero Honda | Splendor Plus | 2010 | BA 41 PA 1684 | Kamaladi |
| 11 | Honda | Shine | 2009 | BA 38 PA 5456 | Kuleshwor |
| 12 | Honda | Shine | 2008 | BA 28 PA 2862 | Swoyambhu |
| 13 | Bajaj | Discover | 2008 | BA 25 PA 5915 | Kamaladi |
| 14 | Bajaj | Discover | 2008 | BA 28 PA 8260 | Tripureswor |

**Four Wheeler**

| S.N | Company Name | Model | Made Year | Registration No. | Location |
|---|---|---|---|---|---|
| 1 | Maruti | Alto | 2006 | BA 5 CHA 6428 | Bharatpur |
| 2 | General Motors | Chevrolet | 2009 | BA 7 CHA 4127 | Dhangadi |
| 3 | Hyundai | Santro | 2009 | BA 6 CHA 9477 | Janakpur |
| 4 | Mahindra | Bolero | 2011 | BA 9 CHA 355 | Kamaladi |
| 5 | Maruti | Omni | 2009 | BA 7 CHA 7286 | Kamaladi |
| 6 | Maruti | Omni | 2011 | BA 9 CHA 968 | Kamaladi |
| 7 | Maruti | Omni | 2010 | BA 7 CHA 7642 | Kamaladi |
| 8 | Maruti | Omni | 2007 | BA 6 CHA 1712 | Kamaladi |
| 9 | Mahindra | Scorpio | 2009 | BA 7 CHA 6527 | Kamaladi |

1. The e-auction is being held on **"AS IS WHERE IS BASIS"**.
2. It shall be the responsibility of the bidder to inspect and satisfy themselves about the vehicles before submitting the bid. Bidders can inspect the vehicles upto July 6, 2018 (only between 10.00 am to 05.00 pm on all working days) after contacting BANK officials as the vehicles are currently parked at different locations. All the Vehicles will be available for examination / inspection.
3. The interested bidders shall submit their security deposit of Rs. 5,000.00 for each two wheeler and Rs. 50,000.00 for each four wheeler vehicles.
4. The interested bidders who have submitted their security deposit up to 3.00 P.M. on or before July 8, 2018 shall be eligible for participating in the e-Auction process. The tender shall be opened on the same day i.e. July 8, 2018 at 5:00 Pm in the presence of the tenderers or their representative.
5. Bidders can participate in e-auction for multiple vehicles. For each vehicle, Tenderers are required to deposit separate security deposit amount.
6. The e-Auction of above vehicles would be conducted exactly on the scheduled date & time as mentioned. The bidder who submits the highest bid amount (not below the reserve price) on the closure of e- Auction process shall be declared as successful bidder and a communication to that effect will be issued which shall be subject to approval by BANK.
7. The security deposit of the successful bidders shall be retained and security deposit of unsuccessful bidders shall be refunded within 45 days. The security deposit shall not earn any interest. The successful bidder shall have to deposit 25% of the sale price, after adjusting security deposit already paid, within 2 working days of acceptance of the bid price by BANK and the remaining sale price on or before 3rd day. In case of default in payment by the successful bidder the amount already deposited by the bidder shall be liable to be forfeited. The vehicles will be sold to next high bidder who has submitted the highest offer for the respective Vehicle.
8. The BANK reserves the right to accept or reject any or all offer(s) without assigning any reason thereof.
9. The bidders are advised to go through the detailed terms and conditions of e-Auction available before submitting their bids and taking part in e-Auction.
10. On acceptance of offer, the delivery of the vehicles will be given to offeror only after Cash /Banker's Cheque deposited by the offeror for the full payment is realized.
11. All the cost and expenses in connection with the transfer of Registration will be borne by the bidders.
12. The delivery of vehicles will be given from our office within 20 days from the date of realization of Banker's Cheque for the balance amount of offered price along with related transfer documents for transferring ownership of vehicle in his/her name.
13. Corrigendum, if any, shall be published on Bank's web site or contacted.
14. The tender forms can be obtained from the BANK on production of Bank Receipt amounting to Rs.500/- deposited during office hour.

**Place for submission of bids:**

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

**Civil Bank Limited**
**General Service Department**
**Kamaladi, Kathmandu - 31,**
Phone Number: 4169030, 4169033, 4169040
Fax Number: 4169038 | Email: info@civilbank.com.np
Website: www.civilbank.com.np



## सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका ग्राहक महानुभावहरूमा ATM Debit Card परिवर्तत गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडबाट हाल उपलब्ध गराउँदै आईरहेको SCT नेटवर्क अन्तर्गतका ATM Debit Card सम्बन्धी सेवाहरु मिति २०७५/०३/१० देखि प्रतिस्थापन गरी VISA नेटवर्कसँग आवद्ध भई VISA Debit Card मार्फत नेपाल लगायत भारतमा समेत उक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको हुँदा समस्त ग्राहक महानुभावहरुले आफुले कारोवार गर्दै आउनु भएका सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरि आवश्यक विवरणहरु अद्यावधिक गराई SCT Debit कार्डको सट्टामा VISA Debit Card प्राप्त गरि सहज रुपमा कारोवार गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
(सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले कसमस डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरेको)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौं-०४, फोन : ०१-४४२१८६१, फ्याक्स : ०१-४४२१७६६
www.shangrilabank.com



RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम.एम | राईनो स्टील १०-२० एम.एम | राईनो स्टील २५ एम.एम | राईनो स्टील २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)





प्रभु बैंकको २ करोड ११ लाख ९९ हजार ३ सय २१ कित्ता, पोखरा फाइनान्सको ९ लाख ८३ हजार ६ सय ८२ दशमलव ७४ कित्ता, सिभिल बैंकको २ करोड ७ लाख ४० हजार ८ सय ८६ दशमलव ८ कित्ता शेयर सूचीकृत भएको छ। त्यस्तै प्राइम लाइफ इन्स्योरेन्सको ९७ लाख ६३ हजार २ सय कित्ता, सिद्धार्थ बैंकको ६८ लाख २६ हजार १ सय १७ दशमलव १९ कित्ता र वेस्ट फाइनान्सको १६ लाख ५२ हजार ८ सय ५० कित्ता शेयर सूचीकृत भएका छन्।



**विश्वकपको व्यापार :** फुटबलको विश्वकप शुरु भएदेखि नेपालमा फुटबल प्रेमीहरूले आफूलाई मनपर्ने टिमको खेल हेर्न समूहमा नै जाने गरेका छन् । हिजोआज अधिकांश होटल, रेष्टुराँमा ठूला प्रोजेक्टर राखेर ग्राहकलाई फुटबल देखाउने गरिएको छ । यससँगै व्यापार मनोरञ्जन दुवै हुने व्यवसायीहरू बताउँछन् ।
तस्वीर : अनिल आङदेम्बे/ काठमाडौं

# शेयर कारोबार रकम र परिसूचकमा निरन्तर ओरालो

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक केही दिनदेखि ओरालो लाग्ने क्रममा रहेको छ। यसैक्रममा यो साता पनि नेप्सेम गिरावट आएको छ। साताको पहिलो दिनको तुलनामा १४ दशमलव ७७ अंकले घटेर १ हजार २ सय १८ दशमलव ४६ अंकमा झरेको छ।

कुल १९० कम्पनीको १७ हजार २ सय २८ कारोबारबाट १ अर्ब १२ करोड ३१ लाख १ हजार रुपियाँ बराबरका ४९ लाख ६१ हजार १ सय १० कित्ता शेयर खरिद बिक्री भएका छन्। अघिल्लो साताभन्दा ३४ दशमलव ७२ प्रतिशतले घटेर १ अर्ब ७२ करोड ५ लाख ६६ हजार रुपियाँ बराबरको ४८ लाख ६८ हजार ७० कित्ता शेयर किनबेच भएको छ।

कारोबारमा भएका १९० कम्पनीमध्ये सबैभन्दा बढी नेपाल बैंक लिमिटेडको शेयर कारोबार भएको छ। जसको ७ करोड ३३ लाख ६० हजार रुपियाँको शेयर किनबेच भएको हो।

यसैगरी मेगा बैंक नेपालको ४ करोड ७४ लाख रुपियाँ, एनएमबि बैंकको ४ करोड ६६ लाख ३० हजार रुपियाँ, नेपाल ग्रामीण विकास लघुवित्तको ४ करोड ६१ लाख ४० लाख रुपियाँ र उन्नती लघुवित्तको ३ करोड ९६ लाख १० हजार रुपियाँ शेयर कारोबार भएको छ।

कारोबार शेयर संख्याको आधारमा पनि मेगा बैंक नेपाल नै अगाडि रहेको छ। बैंकको २ लाख ६९ हजार कित्ता शेयर किनबेच भएको हो। जसको कारोबार संख्यामा पनि १ हजार ३ सय ९६ को अग्रस्थानमा रहेको छ। नेपाल स्टक एक्सचेन्जको कारोबार पाँच दिन नै खुल्ला रहेको साता 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा २ दशमलव ९६ अंकले घटेर २ सय ५५ दशमलव ७५ अंकमा पुगेको छ।

यसैगरी नेप्सेमा यस साता विभिन्न कम्पनीको १ करोड ६४ लाख ४ हजार ४ सय ६८ दशमलव ८३ कित्ता शेयर सूचीकृत भएका छन्।

एक सातामा एक कम्पनीको मात्र बोनस शेयर सूचीकृत भएको छ भने बाँकी ६ वटा कम्पनीको हकप्रद शेयर सूचीकृत भएका छन्।

बोनस शेयरमा नेरुडे लघुवित्तको ३ लाख ९७ हजार ८ सय कित्ता शेयर सूचीकृत भएको छ। त्यस्तै हकप्रद शेयरमा नेको इन्स्योरेन्सको ३९ लाख २० हजार ९ सय २८ दशमलव ११ कित्ता, फर्स्ट माइक्रोफाइनान्स लघुवित्तको २२ लाख ८१ हजार ३ सय १३ कित्ता, एसियन लाइफ इन्स्योरेन्सको ४० लाख २७ हजार ९ सय ६६ दशमलव २० कित्ता शेयर सूचीकृत भएका छन्।

त्यस्तै गरी कामना सेवा विकास बैंकको ३० लाख ९४ हजार १ सय ५४ दशमलव ७७ कित्ता, सिन्धु विकास बैंकको ५ लाख ३५ हजार ३ सय १ दशमलव ४ कित्ता र सेन्ट्रल फाइनान्सको २१ लाख ४७ हजार ५ दशमलव ३५ कित्ता शेयर गरी कुल १ करोड ६० लाख ६ हजार ६ सय ६८ दशमलव ८३ कित्ता हकप्रद शेयर सूचीकृत भएका छन्।

यसैबीच नेप्सेमा अघिल्लो महिना अर्थात जेठमा विभिन्न कम्पनीको आईपीओ, बोनस र हकप्रद शेयर गरी ९ करोड ४५ लाख २२ हजार ४५ दशमलव ५९ कित्ता शेयर सूचीकृत भएको छ। जसमध्ये आईपीओ दुई वटा कम्पनीको सूचीकृत भएको छन्। नेपाल सेवा लघुवित्त वित्तीय संस्थाको ६ लाख कित्ता र रैराङ हाइड्रोपावरको ५६ लाख कित्ता गरी कुल ६२ लाख कित्ता आईपीओ सूचीकृत भएको हो।

त्यस्तै नेप्सेमा १५ वटा कम्पनीको २ करोड ७१ लाख ५५ हजार ९ सय ८७ दशमलव ९१ कित्ता बोनस शेयर सूचीकृत भएका छन्। यस अवधिमा डिपोक्स लघुवित्तको ९ लाख ६९ हजार ७ सय ९३ दशमलव ६६ कित्ता, नेसनल माइक्रो फाइनान्स वित्तीय संस्थाको २ लाख ३ हजार ५ सय ६० कित्ता, साइन रेसुंगा डेभलपमेन्ट बैंकको २७ लाख ५७ हजार २ सय ३१ कित्ता शेयर सूचीकृत भएका छन्। त्यस्तै सिर्जना फाइनान्सको ९ लाख ८२ हजार ८ सय कित्ता, समाता माइक्रोफाइनान्स वित्तीय संस्थाको ६३ हजार २ सय कित्ता, मितेरी डेभलपमेन्ट बैंकको ११ लाख ९७ हजार ६९ दशमलव ४४ कित्ता शेयर सूचीकृत भएको छ।

त्यस्तै प्रिमियर इन्स्योरेन्सको ६ लाख ९५ हजार ३ सय ९७ कित्ता, सिटिजन्स इन्भेष्टमेन्ट ट्रस्टको १६ लाख २८ हजार ५ सय ८२ दशमलव ७२ कित्ता, पूर्णिमा विकास बैंकको ८ लाख ४५ हजार ५ सय कित्ता, एभरेस्ट इन्स्योरेन्सको १२ लाख ८० हजार ८ सय १२ कित्ता, नेपाल लाइफ इन्स्यारेन्सको १ करोड ३० लाख ५ हजार दशमलव २ कित्ता, साना किसान विकास माइक्रो फाइनान्सको १२ लाख ५७ हजार ६ सय ५५ दशमलव ८६ कित्ता, प्राइम लाइफ इन्स्योरेन्सको १९ लाख ८३ हजार १ सय ५० कित्ता र मल्टी प्रपोज फाइनान्सको १ लाख ६४ हजार ७ सय ३६ कित्ता शेयर सूचीकृत भएका छन्।

यसैगरी यस अवधिमा छ वटा कम्पनीको ६ करोड ११ लाख ६६ हजार ५७ दशमलव ७ कित्ता हकप्रद शेयर नेप्सेमा सूचीकृत भएका छन्।

## PRESS RELEASE

### एनआईसी एसिया बैंकको सेवा विस्तार

NIC ASIA
एन आई सी एशिया बैंक लि.

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले मोरङको ग्रामथान गाउँपालिकास्थित लखन्तरीमा ११औं शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ।

उक्त सेवाको उद्घाटन ग्रामथान गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी चौधरीले गर्नुभएको थियो। सो शाखारहित बैंकिङ सेवा सञ्चालनको लागि बैंकले प्रतिनिधि स्थानीय मनचन चौधरीलाई नियुक्त गरेको छ।

शाखारहित बैंकिङ सेवाबाट स्थानीय बासिन्दाले विभिन्न निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्ने, टेलिफोन, मोबाइल, एडीएसएल, डिस होमको महशुल भुक्तानी गर्नेलगायत स्वीकृत सीमाभित्र रहि कर्जा कारोबार गर्ने, कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्न सक्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिने बैंकले जनाएको छ।

बैंकको देशभर २२४ शाखा कार्यालय, २१७ एटीएम, १४ वटा एक्स्टेन्सन काउन्टर एवम् ११ वटा शाखारहित बैंकिङ इकाईमार्फत् सेवा प्रवाह गर्दै आएको छ। बैंकको वासलातको आकार १७३ अर्बभन्दा बढी पुगेको छ। जसमध्ये कुल निक्षेप करिब १४८ अर्ब तथा कर्जा प्रवाह करिब ११९ अर्ब रहेको। हालसम्म बैंकको ग्राहक संख्या करिब ११ लाख ५० हजार रहेको छ।

### राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीलाई पुरस्कार



काठमाडौं, (नेस)

राष्ट्रिय वाणिज्य बैंकको ५३औं वाषिकोत्सबको अवसरमा घोषणा गरिएको उत्कृष्ट कार्य सम्पादन गर्ने बैंकका शाखा कार्यालय तथा कर्मचारीलाई बैंक सञ्चालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले पुरस्कार वितरण गर्नुभयो।

कार्यक्रममा सर्वोत्कृष्ट कार्य सम्पादन गरेवापत सर्वोत्कृष्ट कर्मचारी पुरस्कार संस्थागत तथा साना मझौला कर्जा विभागका विभागीय प्रमुख मुख्य प्रबन्धक नरेशराज अर्याललाई नगद ५० हजार रुपियाँ र प्रमाणपत्र प्रदान गरिएको थियो। त्यस्तै उत्कृष्ट कार्य सम्पादन गरे वापत अन्य २९ जना कर्मचारीलाई उत्कृष्ट कर्मचारी पुरस्कार नगद २० हजार रुपियाँ र प्रमाणपत्र प्रदान गरिएको थियो।

सो अवसरमा प्रथम हुने शाखा कार्यालय नाराणपुर शाखाका प्रबन्धक खेम डाँगीलाई नगद ५० हजार र प्रमाणपत्र पुरस्कार प्रदान गरियो। त्यसैगरी अन्य उत्कृष्ट कार्य सम्पादन गर्ने १६ वटा शाखा कार्यालयका प्रबन्धकलाई नगद १० हजारदेखि ३० हजार रुपियाँसम्म र प्रमाणपत्र पुरस्कार प्रदान गरियो।

सो कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले उत्कृष्ट कर्मचारी तथा शाखा कार्यालयका प्रबन्धकलाई पुरस्कार प्रदान गर्नु हुँदै बैंकिङ क्षेत्रमा नयाँ-नयाँ प्रविधि र सोचको विकास भइरहेको सन्दर्भमा सरकारी बैंकले साधारण बैंकिङ सेवा मात्र दिएर प्रतिस्पर्धी बजारमा टिक्न नसकिने हुँदा आधुनिक सेवा दिनुपर्ने विचार व्यक्त गर्नुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा बैंक क्लिन र स्मार्ट बैंकिङको रूपमा अगाडि बढिरहेको विचार व्यक्त गर्नुभयो।

### ग्लोबल आइएमई बैंकको शाखार हित बैंकिङ सेवा थप



काठमाडौं, (नेस)

ग्लोबल आइएमई बैंकले शुक्रबारदेखि सिराहा जिल्लाको कल्याणपुर नगरपालिका- १२, बेल्हामा आफ्नो ९०औं शाखारहित बैंकिङ सेवा शुरू गरेको छ।

उक्त शाखारहित बैंकिङ सेवाको उद्घाटन कल्याणपुर नगरपालिका-१२ का वडा अध्यक्ष मोहम्मद जलील शाहले गर्नुभयो। बेल्हाका स्थानीय विजय कुमार शाहलाई त्यस शाखारहित बैंकिङ सेवाको लागि व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको छ।

ग्लोबल आइएमई बैंकले १२९ शाखा, १३२ एटीएम, ५ एक्सटेन्सन काउण्टर, १४ वटा राजस्व संकलन काउन्टर र ९० शाखारहित बैंकिङ सेवा, विदेशमा ३ प्रतिनिधि तथा सर्म्पक कार्यालयमार्फत ९ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।

### सेञ्चुरी बैंकको ब्याजदर परिवर्तन भयो

CENTURY BANK | सेञ्चुरी बैंक

काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले शुक्रबारदेखि लागू हुने गरी ब्याजदरमा परिवर्तन गरेको छ। बैंकका अनुसार सबै प्रकारका बचत खातामा ७ प्रतिशत, व्यक्तिगत मुद्दती खातामा १ वर्षसम्मको लागि १० दशमलव ५ प्रतिशत र संस्थागत मुद्दती खातामा १ वर्ष सम्मको लागी १० दशमलव ५ प्रतिशत र त्रैमासिक रूपमा ब्याज भुक्तानी हुनेगरी संशोधन गरेको जनाएको छ।

